मातहतिय मन्त्रीस्तरबाट मिति २०८२।०५।०९ मा
स्वीकृत

# "खेलकुद पूर्वाधार आयोजना व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२"

**प्रस्तावना:** प्रदेश सरकारले प्रदेशका खेलाडीहरूको शारीरिक, मानसिक एवम् संवेगात्मक विकास तथा व्यवस्थापन का लागि स्थानीय तह देखि नै योजनाबद्ध रूपमा खेलाडीहरूको उत्पादन, विकास तथा व्यवस्थापनका लाग खेलकुद पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्राथमिकीकरण ,प्रस्ताव माग, विश्लेषण, मूल्याङ्कन र छनौट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित वनाई उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनौट प्रकियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहीता बढाउदै आयोजना अनुशासन कायम गरी समग्र आयोजना छनौट प्रक्रियालाई व्यवस्थित, प्रणालीवद्ध तथा संस्थागत गर्न वाञ्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) बमोजिमको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खेलकुद पूर्वाधार आयोजना व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिवाट प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले प्रदेशको खेलकुद क्षेत्रको विकासको लागि निश्चित लागत तथा समयावधिभित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने विकास निर्माणसँग सम्बन्धित आयोजनालाई सम्झनुपर्छ।

(ख) "खेलकुद पूर्वाधार" भन्नाले खेलग्रामका रूपमा विकास गर्न आवश्यक खेल विधा अनुसार खेल मैदान (फुटवल मैदान, क्रिकेट मैदान, भलिबल मैदान), कर्भडहल र व्यायमशाला लगायतका पूर्वाधारलाई सम्झनुपर्छ। सो शव्दले शिक्षण संस्था वाहेकका सामुदायिक रुपमा सामाजिक/खेलकुद गतिविधि संचालनका लागि प्रयोगमा आउने खेलकुद पुर्वाधार सम्झनुपर्दछ।

(ग) "व्यवस्थापन" भन्नाले खेलकुद संरचनाको नयाँ निर्माण, स्तरोन्नती तथा मर्मत कार्यलाई सम्झनुपर्दछ।

(घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय लुम्बिनीलाई सम्झनुपर्छ।

(ङ) "मन्त्री" भन्नाले युवा तथा खेलकुद मन्त्रालयको मन्त्री सम्झनुपर्छ।

(च) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभालाई सम्झनुपर्छ।

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री

(छ) "कार्यालय" भन्नाले सम्बन्धित जिल्लाको सामाजिक विकास डिभिजन कार्यालयलाई सम्झनुपर्छ।

(ज) "सरोकारबाला" भन्नाले आयोजनासँग प्रत्यक्ष सरोकार राख्ने शैक्षिक संस्था बाहेकका स्थानीय लाभग्राही समूह, सरकारी निकाय, सार्वजनिक संस्था तथा सामुदायिक संघ-संस्था लगायतलाई सम्झनुपर्छ।

**३.कार्यविधिको उद्देश्यः** कार्यविधिको उद्देश्य देहाय वमोजिम हुनेछन्:-

(क) प्रदेशको खेलकुद क्षेत्रमा प्रत्यक्ष योगदान पुऱ्याउनु,
(ख) आयोजना निर्माणमा जनसहभागिताको योगदान गर्नु,
(ग) दिगो विकासका समय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनु,
(घ) प्राविधिक तथा भौगोलिक उपयुक्तताको आधारमा छनौट गर्नु,
(ङ) सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणमा योगदान पुऱ्याउनु,
(च) आयोजनाको पूर्व तयारीको अवस्था र सम्पन्न हुन लाग्ने समय,
(छ) प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउनु,

**४.आयोजनाको पहिचान, प्रस्ताव तथा विश्लेषणः** (१) प्रदेश सरकारका जिल्ला स्थित कार्यालयले चालु आर्थिक वर्षमा कार्यान्वयन गर्ने आयोजनाका लागि यस कार्यविधि बमोजिम आवश्यक विवरण खुलाई सम्बन्धित सबैको जानकारीका लागि बढीमा १५ (पन्ध्र) दिनभित्र आयोजना प्रस्ताव पेस गर्न सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) खेलसँग आवद्ध प्रदेशभित्रका सरोकारवालाले खेलकुद क्षेत्रको विकासका लागि आफ्नो क्षेत्रभित्र कुनै खेलकुद पुर्वाधार आयोजना पहिचान गरी त्यस्तो आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गर्न स्थानीय तहको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचामा तोकेको अन्य विवरण समेत समावेश गरी मन्त्रालयमा आयोजनाको माग प्रस्ताव पेस गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयमा पेस हुन आएका आयोजना प्रस्तावको आवश्यकता अनुसार, संक्षिप्त सूचि (Short List) बाट उपयुक्त ठहरिएका प्रस्तावहरूलाई दफा ४ को उपदफा (२) बमोजिमको समिति समक्ष कागजात सहित पेस गर्नुपर्नेछ।

(४)दफा ४ को उपदफा २ बमोजिमको प्रस्ताव मूल्यांकन समितीबाट सिफारिस भए बमोजिमको प्रस्ताव छनौट गरि कार्यान्वयनको लागि दफा ६ को उपदफा १ बमोजिमको निर्देशक समिती समक्ष आयोजना छनौटका लागि पेश गर्नुपर्नेछ।

(५) उपदफा (२) बमोजिम प्राप्त प्रस्तावहरूको विवरणको आधारमा अनुसूची-२ बमोजिमको ढाँचामा कागजात सहित अभिलेख राख्नु पर्नेछ ।

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री

Scanned with CamScanner

(६) प्रदेश सरकारको नीति तथा कार्यक्रम, प्रदेशको आवधिक योजना, दिगो विकास तथा दीर्घकालीन सोचका राष्ट्रिय लक्ष्य प्राप्ति, खेल क्षेत्रमा प्रत्यक्ष सहयोग पुर्‍याउने खेलाडी उत्पादन गर्ने प्रकृतिका आयोजनाहरूलाई विश्लेषण र मूल्याङ्कन गरी छनौटमा प्राथमिकता दिईनेछ।

(७) उपदफा (२) बमोजिम आयोजना प्रस्ताव माग गर्दा अनिवार्य रूपमा देहाय बमोजिमका कागजातहरू पेस गर्नुपर्ने छः-

(क) खेल पूर्वाधार निर्माणका लागि सम्वन्धित स्थानीय तहको सिफारिस,

(ख) खेल पूर्वाधार निर्माण गर्ने संरचनाको लागत अनुमान,

(ग) खेल पूर्वाधार निर्माणस्थलको जग्गाधनी पूर्जाको प्रतिलिपि वा भोगाधिकार (लिजमा दिइएको) पत्र भएमा सो समेत,

(घ) खेल पूर्वाधार निर्माण गर्ने स्थानको चार किल्ला खोलेको पत्र,

(ङ) खेल पूर्वाधार आयोजनामा दोहोरो बजेट नपरेको सुनिश्चितताको स्थानीय तहको सिफारिस,

(च) प्रदेश सभा सदस्यबाट सिफारिस भएको भएमा सो समेत,

(छ) सामुदायिक संघ-संस्थाको हकमा संस्था दर्ताको प्रतिलिपि, सम्वन्धित पालिकाको सिफारिस, करचुक्ता प्रमाणपत्र, नविकरण प्रमाणपत्र र गत आ.व.को लेखा परीक्षण प्रतिवेदन सहितका थप कागजातहरु।

**५.आयोजना लागत रकमको सीमाः** (१) खेलकुद पूर्वाधार निर्माणका लागि आवश्यकता तथा औचित्यका आधारमा कार्यान्वयन हुने गरी बजेट विनियोजन गर्न सकिने छ।

(२) **प्रस्ताव मूल्यांकन समितिः** खेलकुद पूर्वाधार निर्माणका लागि प्राप्त कागजात रुजु गरि आयोजना निर्देशक समिति समक्ष सिफारिस गर्न तपसिल बमोजिमको प्रस्ताव मूल्यांकन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | सचिव,मन्त्रालय | -संयोजक |
| (ख) | प्रशासन तथा योजना शाखाको प्रतिनिधि | -सदस्य |
| (ग) | प्रशासन तथा योजना शाखा प्रमुख | -सदस्य सचिव |

**६.आयोजनाको छनौट समितिः** (१) मन्त्रालयको नीतिगत मार्गदर्शन अन्तर्गत रही प्रारम्भिक अध्ययन तथा विश्लेषणको लागि दफा ४ को उपदफा (२) बमोजिम मन्त्रालयमा प्राप्त हुन आएका आयोजनाको उपलब्ध हुन सक्ने सम्भाव्य बजेट सीमा यकिन गरि आयोजना छनौट गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, युवा तथा खेलकुद | -संयोजक |
| (ख) | सचिव,मन्त्रालय | -सदस्य |
| (ग) | अधिकृत प्रतिनिधि,आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय | -सदस्य |

**मा.सन्तोष कुमार पाण्डेय**
**मन्त्री**

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार युवा तथा खेलकुद मन्त्रालय राप्ती उपत्यका (देउखुरी), नेपाल

(ङ)शाखा प्रमुख, प्रशासन तथा योजना -सदस्य-सचिव

(२) समितिले आयोजना छनौट तथा सिफारिस गर्दा आवश्यकता अनुसार थप विज्ञ सदस्य आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले आयोजना छनौट गर्दा भौगोलिक क्षेत्र, जिल्लागत एवम् स्थानीय तहगत सन्तुलन कायममा ध्यान दिनुपर्नेछ।

(४) समितिको बैठकवाट छनौट भई स्वीकृत भएका आयोजनाको विवरण PLMBIS मा प्रविष्टि गरि स्वीकृतीका लागि २०८२ पौष मसान्त भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्नेछ।

७.आयोजनाको छनौटः आयोजना छनौटका आधार देहाय बमोजिमका हुनेछन्ः-

(क) स्थानको पहुँचयोग्यता

खेलाडी, सहभागी, दर्शक र आयोजक सबैलाई पुग्न सजिलो हुने स्थान हुनुपर्छ।

(ख) उपयुक्त खेलमैदान तथा संरचना

खेलको प्रकारअनुसार मैदानको आकार, सतह, स्टयान्ड, चेंजिङ रुम,शौचालय,पार्किङ आदि उपयुक्त हुनुपर्छ।

(ग) सुरक्षा व्यवस्था

खेलाडी र दर्शकको सुरक्षा, आपतकालीन निकास, प्राथमिक उपचार सुविधा हुनुपर्छ।

(घ) साधन–स्रोतको उपलब्धता

पानी, विजुली, शौचालय, पार्किङ, खेल सामग्री राख्ने स्थान आदि उपलब्ध हुनुपर्छ ।

(ङ) पर्यावरण र मौसम अनुकूलता

मौसम, धुलो, हावापानी र वरिपरिको वातावरण खेलकुदका लागि अनुकूल हुनुपर्छ ।

८.आचारसंहिता पालनाः आयोजनाको माग, छनौट, मूल्याङ्कन, विश्लेषण, प्राथमिकीकरण तथा वजेट विनियोजन प्रक्रियामा संलग्न कर्मचारीवा अन्य सरोकारवालाले आफ्नो जिम्मेवारी स्वार्थ हिनता, सदाचारिता, स्वच्छता, इमान्दारिता, वस्तुगतता, निष्पक्षता, तटस्थता, पारदर्शिता र जवाफदेहिता जस्ता सिद्धान्तहरू अवलम्वन गरी सार्वजनिक हित र सरोकारको विषयलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

९.कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनः(१) आयोजनाको सञ्चालनका क्रममा मन्त्रालयवाट कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।

(२) उपदफा (१) वमोजिम अनुगमन गरिसकेपछि अनुगमनकर्ताले अनुसूची-३ वमोजिमको ढाँचामा अनुगमन फाराम भरी अनुगमन प्रतिवेदन सहित मन्त्रालयमा पेस गर्नुपर्नेछ।

५

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री

(३) कार्यक्रमको अनुगमनका क्रममा कार्यक्रम कार्यान्वयनको तरिकामा सुधार ल्याउने सम्बन्धमा अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण पुस्तिकामा दिएको लिखित सुझाव तथा अन्य मौखिक रायहरू परिपालना नभको खण्डमा विनियोजित रकम भुक्तानी रोक्का गर्न सक्नेछ।

१०.लेखा तथा लेखापरीक्षण:यस कार्यविधि बमोजिम भए गरेको खर्चको लेखा र लेखा परीक्षण लेखा प्रणाली अनुसार हुनेछ।

११.बाधा अड्काउ फुकाउने: यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रचलित कानुन तथा यस कार्यविधिको प्रतिकूल नहुने गरी मन्त्रालयले आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री



Scanned with CamScanner

पुष्पलाल प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची -१
### (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
### आयोजना प्रस्ताव फारमको ढाँचा

श्री............................,
युवा तथा खेलकुद मन्त्रालय
राप्ती उपत्यका (देउखुरी) नेपाल।

विषयः- आयोजना प्रस्ताव गरिएको सम्बन्धमा।

(क) पृष्ठभूमीः

(ख) उद्देश्यः

(ग) सञ्चालन हुने गतिविधिः

(घ) दिगोपनाः

(ङ)संरचनाको किसिम(नयाँ/स्तरउन्नती)

(च) खेल पूर्वाधारको निर्माण सम्बन्धि विद्यमान अवस्था(जग्गाको लालपूर्जाको व्यवस्था भए नभएको/भोगाधिकार, क्षेत्रफल आदि)

१. प्रस्तावित आयोजनाको नामः..................................

२. आयोजना स्थलः जिल्लाः.............................. गाउँपालिका/नगरपालिकाः-......................

३. आयोजना प्रकृतिः-(नयाँ/क्रमागत/मर्मतसम्भार/पुनः निर्माण/सुदृढीकरण/स्तरोन्नति)

४. योजनाको किसिमः........................

५. सम्भाव्यता अध्ययन / विस्तृत अध्ययन / वातावरणीय अध्ययन

(क) भएको

(ख) नभएकोः..........................

(ग) आवश्यक नपर्ने....................

६. आयोजनाबाट लाभान्वित हुने अनुमानितः घरधुरी संख्या...........जनसङ्ख्या जग्गा/क्षेत्रफलः-

७. आयोजना माग गर्नुपर्ने कारणः-

(क)..............................

(ख)..............................

८. आयोजनालाई आवश्यक पर्ने अनुमानित क्षेत्र (जग्गा) को विवरण

९. निर्माण गर्नुपर्ने संरचनाहरूको विवरणः-

(क)........................................

(ख)........................................

१० आयोजना निर्माण भएपछि हुनसक्ने लाभ..............

११. विवाद भए/नभएको.....

१२. अनुमानित लागत (पूर्वानुमान गर्न सकिनेमा)

१३. अन्य...

माग गर्ने सरोकारवालको
छाप/दस्तखत

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री

## अनुसूची २

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**आयोजना प्रस्ताव संकलनको ढाँचा**

| क.स. | दर्ता मिति | माग भएका आयोजनाको नाम | जिल्ला | स्थानीय तह | आयोजनाको प्रकृति | अनुमानित लागत | मग गर्ने सरोकारवाला | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**तयार गर्ने**

नामः-

पदः-

दस्तखतः-

**रुजु गर्ने**

नामः-

पदः-

दस्तखतः-

**प्रमाणित गर्ने**

नामः-

पदः-

दस्तखतः-

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री



Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## अनुसूची-३
### (दफा ९ को उपदफा (२) सँग सम्बन्धीत)
### योजना/आयोजना/अनुगमन तथा मूल्याङ्कन फाराम

योजना/आयोजना/कार्यक्रमको नामः

मितिः

अनुगमन गर्ने निकायः

संचालन गरिएको स्थानः

कार्यालयः

अनुगमन रुजु सूचीः

| क्र.स. | नाम (उपागम) | क्रियाकलाप | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| १ | आयोजना | १.आयोजनामा सरोकारवालाको सहभागिता छ?<br>२.आयोजनाको कागजातहरू दुरुस्त राखिएको छ?<br>३.सरोकारवालासँग छलफल गरिएको छ ?<br>४.योजनाको ड्रइङ डिजाइन तयारी गरिएको छ ?<br>५.आयोजना निर्माणको लागि आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ ?<br>६.आयोजना निर्माण कार्यको कार्य विभाजन भएको छ ? | | | कार्यालयको कागजातको आधारमा भर्ने |
| | आयोजना कार्यान्वयन (कार्यस्थल अनुगमन) | १.आयोजना स्थलमा आयोजना विवरण राखिएको छ?<br>२.आयोजनाको कागजातहरू दुरुस्त राखिएको छ?<br>३.सरोकारवालासँग छलफल गरिएको छ ?<br>४.योजनाको ड्रइङ डिजाइन तयारी गरिएको छ ?<br>५.आयोजना निर्माणको लागि आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ ?<br>६.आयोजना निर्माण कार्यको कार्य विभाजन भएको छ ? | | | |

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | सरोकारवाला सन्तुष्टी | १.आयोजनाका सरोकारवालाको चासोलाई समेटेको छ?<br>२. सरोकारवालाले आयोजनाको कार्यमा सहयोग गरेका छन्?<br>३.आयोजनाले स्वस्थ वातावरण निर्माण गर्न सहयोग पुर्‍याएको छ? | | | आयोजनाको सरोकारवालासँगको छलफलको आधारमा भर्ने |
| | जनशक्ती र औजार व्यवस्थापन | १.आयोजनामा चाहिने प्राविधिक जनशक्ति पर्याप्त छ (कार्यक्रम अनुसार)?<br>२. आयोजनाको लागि आवश्यक मेसिन औजारहरू पर्याप्त छन्? | | | |
| | अनुमगन. र मूल्याङकन | १.आयोजनाको अनुगमन र मूल्याङ्कन समय समयमा भएको छ ?<br>२.आयोजनाको निर्माण र संचालन पक्षले अनुगमनबाट पृष्ठपोषण पाएका छन्?<br>३.आयोजनाको अनुगमन मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको कार्यान्वयन भएको छ ? | | | आयोजनाको रेकर्ड हेरी भर्ने |

(द्रष्टव्य: आयोजनाको कार्यान्वयनमा आयोजनाको कार्यप्रकृति हेरी माथी उल्लिखित अनुगमन फाराम हेरफेर हुन सक्नेछ।)

अनुगमनकर्ताको राय:

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................

अनुगमन गर्ने व्यक्तिको नाम:

पद:

दस्तखत:

कार्यालय:

मा.सन्तोष कुमार पाण्डेय
मन्त्री